## कार्यपालिका बैठक नं. ३८

आज मिति २०८२।०९।१५ गते, दिउँसो २:०० बजे डिलासैनी गाउँपालिका अध्यक्ष श्री सन्तोष प्रकाश जोशी ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको ३८ औं बैठक संख्या २ डिलासैनी गाउँपालिकाको सभा हलमा तपसिल बमोजिमको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो।

उपस्थितिः

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सन्तोष प्रकाश जोशी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री भगीरथ बोहरा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री कृष्ण कुमार धामी | सदस्य | |
| ४ | श्री नवराज घरडी | सदस्य | |
| ५ | श्री रघुविर बोहरा | सदस्य | |
| ६ | श्री हरी दत्त पन्त | सदस्य | |
| ७ | श्री यज्ञ राज भट्ट | सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| ८ | श्री उत्तर बहादुर बोहरा | सदस्य | |
| ९ | श्री प्रकाशमणी भट्ट | सदस्य | |
| १० | श्री कलावती लुहार | सदस्य | |
| ११ | श्री कविता भूल | सदस्य | |
| १२ | श्री दुर्गा धामी | सदस्य | |
| १३ | श्री मानमती लुहार | सदस्य | |
| १४ | श्री बिमला बोहरा | सदस्य | |
| १५ | श्री शारदा बोहरा | सदस्य | |
| १६ | श्री शंकर बहादुर साउँद | सदस्य सचिव | |

CamScanner

कार्यपालिका बैठक नं. ३८

**कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु:**

प्रस्ताव नं. १: जग्गा नामसारी (पालिका/वडा) सम्बन्धमा।

प्रस्ताव नं. २: वडा नं ४, ६ र ७ को भवन निर्माण गर्न आवश्यक बजेट सुनिश्चितता सम्बन्धमा।

प्रस्ताव नं. ३: हेवी सवारीचालकको तलब सम्बन्धमा ।

प्रस्ताव नं. ४: करार कर्मचारी पुनः करार सम्बन्धमा ।

प्रस्ताव नं. ५: भुक्तानी बाँकी लागि गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा कार्यदल गठन सम्बन्धमा ।

प्रस्ताव नं. ६: शिक्षण अनुदान तथा रकममान्तर सम्बन्धमा।

प्रस्ताव नं. ७: घ वर्गको इजाजत स्वीकृति सम्बन्धमा।

प्रस्ताव नं. ८: नाम संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ९: बेरुजु समपरीक्षण सम्बन्धमा ।

प्रस्ताव नं. १०: Prefab Building को Variation Orader सम्बन्धमा ।

CamScanner

**कार्यपालिका बैठकमा पेश भएका प्रस्ताव र पारित भएका निर्णयहरु:**

**निर्णय नं.१** प्रस्ताव नं.१ माथि आवश्यक छलफल गर्दा यस डिलासैनी गाउँपालिकाको आर्थिक वर्षमा वडा कार्यालय भवन निर्माणका लागि बजेट विनियोजन तपसिलका वडा कार्यालय भवन निर्माण स्थलका लागि तपसिलका जग्गादान गर्न इच्छुक जग्गादाताहरु नामबाट वडा कार्यालयको नाममा जग्गा रजिष्ट्रेशन पास गर्न सम्बन्धित कार्यालयलाई सिफारिस गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

**तपसिल:**

| क्र.सं. | वडा नं | कित्ता नं | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | ७ | ३१६, ३१७ | आवश्यकता अनुसार | कृत बहादुर धामी |

**निर्णय नं.२** प्रस्ताव नं.२ माथि आवश्यक छलफल गर्दा यस डिलासैनी गाउँपालिकाको वार्षिक नीति कार्यक्रम अनुसार आर्थिक वर्ष २०८२।०८३ को बजेटमा वित्तीय समानीकरण शिर्षकबाट रकमान्तर गरि तपसिल बमोजिमका वडा कार्यालय भवन निर्माणका लागि देहाय अनुसारको रकम सुनिश्चित गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

**तपसिल:**

| क स | विवरण | कार्यान्वयन हुने स्थान | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| १ | ४ नं वडा कार्यालय भवन निर्माण | डिलासैनी ४ हाडाकोट | ५०,००,०००। | |
| २ | ६ नं वडा कार्यालय भवन निर्माण | डिलासैनी ६ गोकुलेश्वर | ५०,००,०००। | |
| ३ | ७ नं वडा कार्यालय भवन निर्माण | डिलासैनी ७ धामीगाउँ | ५०,००,०००। | |

**निर्णय नं. ३** प्रस्ताव नं.३ माथि आवश्यक छलफल गर्दा यस पालिकामा कार्यरत हेवी सवारी चालक श्री अशोक बोहरालाई हेवी सवारी चालक(J1) पदको नेपाल सरकारले तोके बमोजिमको सेवा सुविधा उपलब्ध गराउने निर्णय सर्वसम्मतले पारित गरियो ।

**निर्णय नं. ४** प्रस्ताव नं.४ माथि आवश्यक छलफल गर्दा अर्थ मन्त्रालय र संघीय मामिला मन्त्रालय मार्फत प्रेसित प्राप्त पत्रको व्यहोराका समतेलाई ध्यानमा राखी यस पालिकाको वस्तुस्थिति, भौगोलिक कठिनाइ, कार्यबोझ, संगठनात्मक संरचना सम्बन्धी प्रस्तावित सर्वेक्षणलाई मध्यनजर गरी तपसिल बमोजिमका सबै विषयक्षेत्रमा कार्यरत करार कर्मचारीहरुको २०८२ श्रावण देखि असोज मसान्तसम्मलाई पुनःकरार सम्झौता गर्ने निर्णय सर्वसम्मतिमा पारित गरियो ।

**निर्णय नं.५** प्रस्ताव नं.५ माथि आवश्यक छलफल गर्दा यस पालिका अन्तरगत आर्थिक वर्ष २०८१।०८२ मा काम सम्पन्न भई भुक्तानी बाँकी लागि गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमको कार्यदल गठन गरि १५ दिन भित्रमा प्रतिवेदन पेश गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

**तपसिल:**

१. गाउँपालिका उपाध्यक्ष - संयोजक
२. गाउँपालिका प्रवक्ता - सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत-सदस्य
४. प्रशासन शाखा प्रमुख- सदस्य

CamScanner

५. पूर्वाधार शाखा प्रमुख- सदस्य

६. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य

७. योजना तथा अनुगमन शाखा प्रमुख- सदस्य सचिव

**निर्णय नं.६** प्रस्ताव नं.६ माथि आवश्यक छलफल गर्दा यस गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ मा तपसिल बमोजिमका योजना/कार्यक्रमहरु रकमान्तर गरि कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

| क्र स | रकमान्तर गरिएको शिर्षक | रकम रु | रकमान्तर गर्नु पर्ने शिर्षक | रकम रु |
|---|---|---|---|---|
| १ | विविध खर्च | ४००००० | शि के अ मावि सिकाइ उपलब्धी अनुदान | ४००००० |

**निर्णय नं.७** प्रस्ताव नं.७ माथि आवश्यक छलफल गर्दा यस डिलासैनी गाउँपालिकाको घ वर्गको इजाजत प्रमाणपत्र वितरण सम्बन्धि कार्यविधि बमोजिम तपसिलको फर्म/निर्माणलाई तोकिएको मापदण्ड पूरा गरेकोले घ वर्गको इजाजत जारी गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

**तपसिलः**

| क्र.सं. | निर्माण कम्पनीको नाम | ठेगाना | संचालक र सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|
| १ | मायालु निर्माण सेवा | डिलासैनी ५ बैतडी | मान प्रसाद जोशी ९८४८८५२७३२ | |
| २ | कैलपाल निर्मण सेवा | डिलासैनी २, बैतडी | कमला कुमारी घरडी ९७०९६५८७७४ | |

**निर्णय नं.८** प्रस्ताव नं.८ माथि आवश्यक छलफल गर्दा यस डिलासैनी गाउँपालिका आर्थिक वर्ष २०८२।०८३ मा सुदूरपश्चिम प्रदेश सरकारबाट बजेट विनियोजन भएका तपसिल बमोजिमका योजनाहरुको नाम संशोधनका लागि सिफारिस गरि पठाउने निर्णय सर्वसम्मतले पारित गरियो।

**तपसिलः**

| क्र. सं. | भएको | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| १ | गन्ना बजार पछाडि झोलुङ्गे पुल सम्म गन्नीगाड पहिरो नियन्त्रण, डिलासैनी १ | गन्ना बजार पछाडि झोलुङ्गे पुल सम्म गन्नीगाड पहिरो नियन्त्रण, डिलासैनी २ | |
| २ | अजयमति देउताको देउघर निर्माण डिलासैनी १, बैतडी, लैटा | अजयमति देउताको देउघर निर्माण डिलासैनी १, बैतडी, ठुलागाडा | |

**निर्णय नं.९** प्रस्ताव नं.९ माथि आवश्यक छलफल गर्दा यस डिलासैनी गाउँपालिकामा हाल सम्मको अन्तिम लेखा परीक्षणमा देखिएको विभिन्न प्रकारका बेरुजुहरुलाई समपरीक्षणका लागि आवश्यक कागजपत्रहरु सहित सम्बन्धित कार्यालयलाई समपरीक्षणका लागि पठाउने निर्णय सर्वसम्मतले पारित गरियो।

CamScanner